# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८०/८१ ( प्रशासन शाखा )
च. नं:

मितिः २०८०|०९|२९

तह वृद्धि /तह मिलानको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।
सूचना प्रकाशित मिति : २०८०।०९।२९
सूचना नं. ०१।२०८०।८१

प्रस्तुत बिषयमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम र संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा समायोजन/समायोजन संशोधन/नियुक्त भएका बराहक्षेत्र नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवा शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ४ को उपदफा (५) तथा दफा २७ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका ईच्छुक स्थायी कर्मचारीहरुले बराहक्षेत्र नगरपालिकाको वेबसाइट www.barahamun.gov.np मा रहेको तह वृद्धि सम्बन्धी निवेदन तथा तह वृद्धि सम्बन्धी आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी दुई (२) प्रति प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा प्रशासन शाखामा पेश गर्नुहुन उक्त ऐनको दफा २७ (३) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद नाघि प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका वा तोकिए बमोजिमका कागजातहरु संलग्न नभएका आवेदन माथि कुनै कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ बमोजिम योग्यता पुगेका कर्मचारीहरुका लागि आवश्यक कागजातहरु :

क. निवेदन
ख. नियुक्तिको प्रमाण पत्र
ग. समायोजन भएको पत्र वा संघीय लोक सेवाबाट सिफारिस पत्र
घ. शैक्षिक योग्यताको प्रतिलिपि

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका कर्मचारीहरुका लागि आवश्यक कागजातहरु :

क. निवेदन
ख. नियुक्ति/बढुवा/तह वृद्धिको प्रमाण पत्र
ग. समायोजन भएको पत्र वा संघीय लोक सेवाबाट सिफारिस र नियुक्ति पत्र
घ. शैक्षिक योग्यताको प्रतिलिपि
ङ. पछिल्लो ३ (तीन) वर्षको कार्य सम्पादन मुल्याङ्कन

पुनश्च : निवेदन पेश गर्न चाहने कर्मचारीहरुले उल्लिखित ऐन र विशेष गरी यसका दफाहरु २, ४, ८, २७, ३१, ५६ को उपदफा ३ को स्पष्टिकरण खण्ड, दफा ५७ को उपदफा १ को स्पष्टिकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्नुहुन समेत सूचित गरिन्छ ।

देवेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत